**आकाशवाणी समाचार- नेपाली**
**मितिः १५ अक्तूबर २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फ्रेन्समार्फत लद्दाखमा लगभग तीन हजार तीन सय 50 करोड रूपियाँको पाँच प्रमुख विकास परियोजनाहरूको उद्घाटन र लोकार्पण गर्नुहुनेछ।**

- **प्रधान मन्त्री श्री नरेन्द्र मोदीले भारतको सभ्यताको यात्रा शताब्दीयौं देखिको सांस्कृतिक आदान-प्रदान र ज्ञानको साझा प्रयासले समृद्ध भएको बताउनु भएको छ।**

- **प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रीय मन्त्रीमंडलले ११ लाख ४० हजारभन्दा अधिक रेलवे कर्मचारीहरूलाई ७८ दिनको तलब बराबरको उत्पादकता लिंक्ड बोनस पी.एल.बी स्वीकृत गरेको छ।**

- **केन्द्र सरकारले भारत-मौरिसस दोहोरो कर निवारण सम्झौता - डीटीएएमा संशोधनलाई अधिसूचित गरेको छ।**

- **भारत र रूसले भारत-रूस विशेष र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी अन्तर्गत जारी सहयोगलाई बलियो बनाउने आफ्नो प्रतिबद्धतालाई दोहोर्याएको छ।**

**प्रधानमन्त्री- उद्घाटन र लोकार्पण**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भिडियो कन्फ्रेन्समार्फत लद्दाखमा लगभग तीन हजार तीन सय 50 करोड रूपियाँको पाँच प्रमुख विकास परियोजनाहरूको उद्घाटन र लोकार्पण गर्नुहुनेछ। यी परियोजनाहरूको उद्देश्य कनेक्टिविटी सुदृढ पार्नु, ऊर्जा बुनियादी ढाचा बिकासमा सुधार गर्नु, सांस्कृतिक सम्पदाको संरक्षण गर्नु र यस क्षेत्रमा जल सुरक्षा बढाउनु हो। यस अवसरमा उहाँले सभालाई सम्बोधन गर्नुहुनेछ। प्रधान मन्त्री श्री मोदीले लेहको कुशोक बकुला रिम्पोछे एयरपोर्टमा 640 करोड रूपियाँको लागतमा निर्मित नयाँ यात्री टर्मिनल भवनको उद्घाटन गर्नुहुनेछ। प्रधानमन्त्री श्री मोदीले सीमा सडक संगठन -बी.आर.ओ द्वारा निर्मित 298 किलोमिटर लामो निम्मू-पदुम-दारचा सडक राष्ट्रलाई समर्पित गर्नुहुनेछ।

**प्रधानमंत्री नरेंद्र मोदी - सभ्यतागत यात्रा**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारतको सभ्यताको यात्रा शताब्दीयौं देखिको सांस्कृतिक आदान-प्रदान र ज्ञानको साझा प्रयासले समृद्ध भएको बताउनु भएको छ। भारतको वैश्विक सांस्कृतिक सम्बन्ध सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा आफ्नो सन्देशमा प्रधानमन्त्री श्री मोदीले नालन्दा जस्ता शिक्षा केन्द्रहरूले भारत र एसियाका अन्य भागहरूबीच ज्ञानको आदानप्रदानलाई बढावा दिएको बताउनु भएको छ।

**प्रधानमंत्री एशियाई खेल**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा एसियाई खेल 2026 मा भाग लिने भारतीय टोलीसँग बातचीत गर्नुहुनेछ। प्रधानमन्त्री श्री मोदीले सभालाई सम्बोधन पनि गर्नुहुनेछ।

**केंद्रीय मंत्रिमंडल - आईडीबीआई बैंक - पुनर्गठन**

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा केन्द्रीय मन्त्रीमंडलले ११ लाख ४० हजारभन्दा अधिक रेलवे कर्मचारीहरूलाई ७८ दिनको तलब बराबरको उत्पादकता लिंक्ड बोनस पी.एल.बी स्वीकृत गरेको छ। मन्त्रिमण्डलको बैठकपछि पत्रकारहरूलाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले सरकारले यस भुक्तानीका लागि २ हजार ९ करोड रुपियाँ आवन्टन गरिएको जानकारी दिनुभयो। प्रति योग्य कर्मचारीलाई ७८ दिनका लागि अधिकतम १७ हजार ९५१ रुपियाँ बोनस रकम प्रदान गरिनेछ।

1- BYTE-अश्विनी -दिब्यांगजन

**मन्त्रीमंडल-राष्ट्रिय सामाजिक सहायता कार्यक्रम**

मन्त्रीमंडलले राष्ट्रिय सामाजिक सहायता कार्यक्रम एन.एस.ए.पी लाई पाँच वर्षका लागि जारी राख्ने पनि स्वीकृति दिएको छ, जसमा बर्ष २०२६-२७ देखि बर्ष २०३०-३१ सम्मको अवधिलाई समावेश गरिएको छ, जसको कुल बजेट ५३ हजार ४२८ करोड रुपियाँ छ। यस कार्यक्रमको नाम परिवर्तन गरी प्रधानमन्त्री सामाजिक सहायता योजना राखिएको छ। सबै ३६ राज्य र केन्द्र शासित प्रदेशका कुल ३.२० करोड लाभार्थीहरू यस सामाजिक सुरक्षा नेट विस्तारबाट लाभान्वित हुनेछन्। आर्थिक मामिलासम्बन्धी मन्त्रि मण्डल समिति (सीसीईए) ले आईडीबीआई बैंकको रणनीतिक पुनर्गठनलाई पनि स्वीकृति दिएको छ।

**2-BYTE-अश्विनी - सामाजिक सहायता**

**प्रधानमंत्री नरेंद्र मोदी - भारत कनाडा**

प्रधान मन्त्री नरेन्द्र मोदीले भारत क्यानाडासँग रचनात्मक र भविष्यमुखी रणनीतिक साझेदारी निर्माण गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ जसले दुवै देशका जनतालाई ठोस लाभ प्रदान गर्नेछ। प्रधान मन्त्री श्री मोदीले एक सामाजिक मिडिया पोस्टमा भन्नुभयो, "उहाले नयाँ दिल्लीमा क्यानाडाकी विदेश मन्त्री अनिता आनन्दसँग भेट गर्नुभयो। यस अवधिमा उहाहरूले व्यापार, तकनिकी , सुरक्षा, ऊर्जा, शिक्षा र-जनताबीचको आपसी आदान-प्रदानको क्षेत्रमा भारत-क्यानाडा सम्बन्धलाई अझ गहिरो बनाउने विषयमा चर्चा भएको छ।

**केंद्र सरकार - भारत-मॉरीशस**

केन्द्र सरकारले भारत-मौरिसस दोहोरो कर निवारण सम्झौता - डीटीएएमा संशोधनलाई अधिसूचित गरेको छ। यसमा कर चोरी र कर बाट बच्न को लागी सन्धि प्रावधानहरूको दुरुपयोग रोक्नको लागि एक प्रमुख उद्देश्य परीक्षण- पीपीटी समावेश छ। संशोधित सम्झौता अन्तर्गत, यदि कुनै लेनदेन वा व्यवस्थाको मुख्य उद्देश्य कर सन्धि लाभहरू प्राप्त गर्नु हो भने, त्यस्ता लाभहरू अस्वीकार गर्न सकिन्छ। संशोधनले दोहोरो कर निवारण सम्झौताको उद्देश्यलाई समर्थन गर्दै अनपेक्षित कर लाभहरू प्राप्त गर्न सन्धि प्रावधानहरूको दुरुपयोग रोक्न खोज्छ।

**संस्कृति- पर्यटन मंत्री गजेंद्र सिंह शेखावत**

संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावतले कुनै पनि सभ्यताको प्रभाव उसको भौगोलिक सीमामा मात्र सीमित नहुने बताउनु भएको छ। विश्वभरि भारतको सांस्कृतिक सम्बन्ध सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्नुहुदै श्री शेखावतले विचार, ज्ञान र कलाको आदानप्रदानले सभ्यतालाई भौगोलिक सीमाभन्दा बाहिर जान मद्दत गरेको बताउनु भएको छ। उहाले भन्नुभयो - यो सम्मेलन इतिहासलाई बुझ्ने प्रयास मात्र होइन, विगतको ज्ञानले भविष्यलाई कसरी मार्गदर्शन गर्न सक्छ भनेर जान्ने अवसर पनि हो। तीन दिवशीय सम्मेलन १६ अक्टोबरसम्म नयाँ दिल्लीको विज्ञान भवनमा हुनेछ।

3- BYTE गजेंद्र सिंह शेखावत

**सरकार -उखु कृषक**

सरकारले उखु कृषकहरूले उठाएका मुद्दाहरू जाच गर्न  र उनीहरूको समस्या समाधान गर्न एक समिति गठन गरेको छ। समितिको अध्यक्ष नीति आयोगका पूर्व सदस्य प्रोफेसर रमेश चन्द हुनेछ  । समितिमा कृषि आयुक्त, खाद्य र सार्वजनिक वितरण विभागका सहसचिव र उपभोक्ता मामिला विभागका सहसचिव हुनेछन्।

**भारत - सऊदी अरब**

भारतले   साउदी अरबप्रति एकजुटता  व्यक्त गरेको छ र मध्यपूर्वका देशहरूमा भएको हमलाको कठोर  निन्दा गरेको छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले भन्नुभएको छ -'भारत नागरिक बुनियादी ढाचाहरूमा भएका यस्ता सबै आक्रमणहरूको निन्दा गर्दछ। उहाले  यस्ता हमलाहरू पूर्ण रूपमा अस्वीकार्य छन् र तुरुन्त रोक्नु पर्छ। श्री जायसवालले भन्नुभयो, भारत साउदी अरबका जनता र सरकारसँग एकजुटताका  साथ खडा छ।

**भारत - रूस**

भारत र रूसले आज भारत-रूस विशेष र विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी अन्तर्गत जारी सहयोगलाई बलियो बनाउने आफ्नो प्रतिबद्धतालाई दोहोर्याएको छ । उप-राष्ट्रिय सुरक्षा सल्लाहकार पवन कपूर र रूसका  सुरक्षा परिषदका उपसचिव अलेक्जेन्डर वेनेडिक्टोभले नयाँ दिल्लीमा पाकिस्तान र अफगानिस्तानमा ७ औं भारत-रूस विशेष बैठकको सह-अध्यक्षता गर्नुभयो । विदेश मन्त्रालयले एक बयानमा  अन्तर्राष्ट्रिय सुरक्षामा उनीहरूको प्रभाव सहित साझा हितका मुद्दाहरूमा चर्चा भएको बताएको छ ।

**भारत- ब्रुनेई**

भारत र ब्रुनाईबीच व्यापार र आर्थिक सहयोग बढाउनका लागि संयुक्त व्यापार समितिको तेस्रो बैठक हिज  नयाँ दिल्लीमा सम्पन्न भयो । वाणिज्य र उद्योग मन्त्रालयका अनुसार बैठकमा दुई देशबीच व्यापार बढाउने र व्यापारका लागि नयाँ अवसरहरूको बारेमा चर्चा  भएको थियो। बैठकको सह-अध्यक्षता वाणिज्य विभागका सहसचिव अमित वर्मा र ब्रुनाई सरकारको अर्थव्यवस्था, व्यापार र उद्योग मन्त्रालयका स्थायी सचिव डा. मे फैजा अहमद अरिफिनले गर्नुभएको थियो